# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन १६ गते २०५७ साल (संख्या १६

## भाग ३

श्री ५ को सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

### गलैंचा तथा ऊन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश,२०५७

गलैंचा तथा उन विकास समिति (गठन) आदेश,२०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन,२०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "गलैंचा तथा ऊन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश,२०५७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश,२०४९ को दफा २ मा संशोधन:** गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश,२०४९ ( यसपछि " मूल आदेश " भनिएको ) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ:-

"२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित गलैंचा तथा ऊन विकास समिति सम्झनु पर्छ ।

(ख) "गलैंचा" भन्नाले ऊनी, रेशमी, बनस्पति रेशा तथा यस्तै प्रकारका अन्य वस्तुहरुको समिश्रणबाट उत्पादित गलैंचा सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "ऊनी वस्तु" भन्नाले ऊन वा पस्मिनाबाट बनेका सल, स्वीटर,गलबन्दी, पञ्जा, मोजा तथा यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहने छन् ।

(क) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री - अध्यक्ष

(ख) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति राज्य वा सहायक मन्त्री - उपाध्यक्ष

(ग) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग बाणिज्य महासंघ - सदस्य

(छ) प्रतिनिधि, केन्द्रीय गलैंचा उद्योग संघ - सदस्य

(ज) श्री ५ को सरकारले मनोनयन गरेको गलैचा उद्योग र पश्मिना उद्योगसँग सम्वन्धित व्यक्तिहरु मध्येबाट बढीमा ६ जना - सदस्य

(झ) श्री ५ को सरकारले नियुक्ति गरेको कार्यकारी निर्देशक - सदस्य सचिव

४ मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. समितिको काम, कर्तव्य र अधिकारः (१) नेपाल अधिराज्यमा गलैंचा तथा ऊनी वस्तुको उत्पादन गुणस्तर विकास र सोको लागि कच्चा पदार्थको आयात तथा उत्पादित गलैंचा तथा ऊनी वस्तु नेपाल अधिराज्य बाहिर निकासी गर्न आवश्यक व्यवस्थापन सम्बन्धी कार्य गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनाको लागि समितिले देहायका कामहरु गर्न सक्नेछ :-

(क) गलैंचा तथा ऊनी वस्तु उत्पादनमा आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थको आपूर्ति सम्बन्धी व्यवस्था गर्ने र त्यस्ता कच्चा पदार्थको गुणस्तर निर्धारण, अनुगमन, प्रमाणीकरण र सुपरीवेक्षण गर्ने ।

(ख) गलैंचा तथा ऊनी वस्तुको उत्पादन र बिक्री प्रवर्द्धनका लागि आवश्यक अग्र सम्बन्ध र पृष्ठ सम्बन्धको विकास, विस्तार र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(ग) गलैंचा तथा ऊनी वस्तु निकासीका लागि आवश्यक गुणस्तर तोक्ने र सोको कार्यान्वयन तथा अनुगमन गर्ने ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८

(घ) गलैंचा तथा ऊनी वस्तु उत्पादनका लागि आवश्यक जनशक्तिको विकास सम्बन्धी आवश्यक कार्यहरु गर्ने ।

(ङ) गलैंचा तथा ऊनी वस्तु विकास सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र यस कार्यमा सम्बद्ध पक्षलाई संलग्न गराउन सहयोग गर्ने ।

(च) गलैंचा तथा ऊनी वस्तुको उत्पादन, गुणस्तर कायम गर्न र निर्यात प्रवर्द्धनको लागि निजी क्षेत्रको सहभागिता र समन्वय सम्बन्धी कार्यहरु गर्ने ।

(छ) गलैंचा तथा ऊनी वस्तुको बजार, माग र आपूर्ति सम्बधी सूचना, क्रेता विक्रेताहरुको विवरण, क्रेता तथा विक्रेता बीच सम्पर्क स्थापना, बजार सम्भाव्यता र माग आपूर्ति प्रक्षेपणको विश्लेषण गरी सोको प्रकाशन गर्ने ।

(ज) गलैंचा तथा ऊनी वस्तुको निर्यात प्रवर्द्धनको लागि आयोजना हुने मेलामा निजी क्षेत्रको सहभागिताको लागि पहल गर्ने, मेला सम्बन्धी सूचना प्रवाहित गर्ने, प्रदर्शनीका लागि सामानहरु प्रदर्शनी स्थलसम्म पुऱ्याउन आवश्यक सिफारिश गर्ने र मेलाका सहभागीलाई सहयोग पुऱ्याउने ।

(झ) गलैंचा तथा ऊनी वस्तुको अन्तर्राष्ट्रिय वजार स्थिति, निकासीको सम्भावना र यसका विविध क्षेत्रलाई समेट्ने गरी जानकारी मूलक प्रकाशन नियमित रुपमा गर्ने ।

(ञ) नेपालमा उत्पादित गलैंचा तथा ऊनी वस्तुलाई सामान्य ग्राह्यता प्रणाली अन्तर्गत सिफारिश उपलब्ध गराउने तथा निर्यात र कच्चा वस्तु आयात सम्बन्धी भन्सार दर र मूल्य स्थितिको जानकारी गलैंचा तथा ऊनी वस्तु व्यवसायीलाई उपलब्ध गराउने ।

(ट) गलैंचा तथा ऊनी वस्तु उत्पादन उद्योगबाट वातावरणमा पर्न सक्ने प्रदूषण रोक्ने कार्यमा आवश्यक सुझाव दिने ।

(ठ) नेपाल अधिराज्य भित्र गलैंचा तथा कच्चा ऊनी वस्तु विकासको लागि चाहिने आधारभूत आवश्यकताको विकास गरी सो संग सम्बन्धित सूचना तथा सेवा प्रदान गर्ने ।

(ड) गलैंचा तथा ऊनी वस्तु उत्पादन तथा निकासी व्यवसायमा संलग्न भएका वा हुन चाहने व्यक्तिलाई आवश्यक परामर्श दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ढ) समितिको उद्देश्य पूरा गर्ने सम्बन्धमा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई कुनै विदेशी संघ संस्थासंग सम्झौता गर्ने ।

(ण) समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने ।

(त) समितिले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने,

(थ) श्री ५ को सरकारले तोकेको अन्य काम गर्ने ।

५. <u>मूल आदेशको दफा ६ मा संशोधन:</u> मूल आदेशको दफा ६ को पहिलो हरफमा रहेको "गलैंचाको" भन्ने शब्दको सट्टा " गलैंचा तथा ऊनी वस्तुको" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल आदेशको दफा ११ मा संशोधन:</u> मूल आदेशको दफा ११ मा रहेको "वाणिज्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
मोहनदेव पन्त
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२०

श्री ५ को सरकार

कृषि तथा सहकारी मन्त्रालय को सूचना

## रासायनिक मल (नियन्त्रण) (पहिलो संशोधन) आदेश, २०५७

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो आदेशको नाम "रासायनिक मल (नियन्त्रण) (पहिलो संशोधन) आदेश, २०५७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को दफा ४ मा संशोधन : रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (यस पछि "मूल आदेश" भनिएको) को दफा ४ को -

(१) उपदफा (१) को "इकाई" भन्ने शव्दको सट्टा "इकाई वा मन्त्रालयले तोकेको निकाय वा पदाधिकारीको" भन्ने शव्दहरु राखिएका छन्।

(२) उपदफा (२) को खण्ड (ग), (च) र (छ) झिकिएका छन्।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) उपदफा (१) बमोजिमको उद्देश्य पूरा गर्न मन्त्रालयले तोकेको अन्य निकाय वा पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानिय स्तरमा रासायनिक मलको आपूर्तिको अनुगमन गर्ने,

(ख) रासायनिक मलको डिलरको गोदाम आकस्मिक जाँच गरी मौज्दात निरिक्षण तथा गुणस्तरको परीक्षण गर्ने वा गराउने,

(ग) खण्ड (ख) बमोजिम परीक्षण गर्दा वा गराउंदा रासायनिक मल न्यून गुणस्तरको पाइएमा निरिक्षकलाई अविलम्ब सो कुराको जानकारी गराउने।"

३. मूल आदेशमा दफा १७ क. थप : मूल आदेशको दफा १७ पछि देहायको दफा १७क. थपिएको छ :-

"१७ क. विक्रेताले नाम दर्ता गराउनु पर्ने : (१) रासायनिक मलको थोक वा खुद्रा विक्री वितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले कारोवार गर्ने जिल्लाको जिल्ला कृषि विकास कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्नेछ।

तर श्री ५ को सरकारको स्वमित्व रहेको संस्थाको हकमा सो संस्थाको मुख्य कार्यालय रहेको जिल्ला स्थित जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएपछि त्यस्तो संस्थाको शाखा वा उपशाखाले छुट्टै दर्ता गराउनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम विक्रेताको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।"

४. मूल आदेशको दफा २३ मा संशोधन : मूल आदेशको दफा २३ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको विपरीत कुनै काम कारवाही गरेको छ भन्ने उजुरी वा सूचना प्राप्त भएमा त्यसको छानविन गर्ने।"

५. मूल आदेशमा दफा २३ क. र २३ ख. थप : मूल आदेशको दफा २३ पछि देहायको दफा २३ क. र २३ ख. थपिएका छन् :-

"२३ क. मुद्दा दायर गर्ने : यस आदेश विपरीत उत्पादन वा पैठारी भएको रासायनिक मल वा आदेश बमोजिम नमूना लिइएको रासायनिक मलको विश्लेषण परीक्षण गरिंदा गुणस्तर रहित वा कम गुणस्तरको ठहरीएमा निरीक्षकले प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।"

२३ ख. स्थानीय प्रशासन र प्रहरीले सहयोग गर्नु पर्ने : ऐन र यस आदेशको पालना गराउने तथा सो सम्बन्धी कानूनी कारवाहीको सिलसिलामा निरीक्षकले सहयोग मागेमा स्थानिय प्रशासन र प्रहरीले निरीक्षकलाई सहयोग पुऱ्याउनु पर्नेछ।"

आज्ञाले,

डा. मुक्ति नारायण श्रेष्ठ

**श्री ५ को सरकारको सचिव**



मुद्रक: मुद्रण विभाग, सिंहदरबार, काठमाडौं

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

929

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922